जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९   स.वि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२   अंक १८४   २०७९ साल फागुन ८ गते सोमबार   (20 Feb. 2023 Monday)   मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*




*यस अंक भित्र :* २ पृष्ठमा : प्रजातन्त्रसँगै खुलेको अभिव्यक्ति ३ पृष्ठमा : लोकतन्त्र सुदृढीकरणमा. ३ पृष्ठमा : टर्कीए भूकम्प : छयालीस हजारभन्दा...

# योजना माग्दै जनमतका सांसदहरु जनताको घरदैलोमा



**दैनिक समाचारदाता**
**राजविराज, ७ फागुन ।**

सप्तरीबाट निर्वाचित जनमत पार्टीका संघीय र प्रदेश सांसदहरु अहिले आफ्नो क्षेत्रको विकास बारे जनतासँग योजना माग्दै गाउँ नगरमा खटिएका छन् ।

सो पार्टीले "दलान दलील" नाम दिएर सुरु गरेको उक्त कार्यक्रम अन्तरगत जनमत पार्टीबाट सप्तरीको क्षेत्र न २ बाट प्रतिनिधि सभामा निर्वाचित डा. सिके राउत, सोही क्षेत्रको प्रदेशसभा क्षेत्र नं. १ बाट निर्वाचित प्रदेशसभा सदस्य सतिष कुमार सिंह तथा २ बाट निर्वाचित प्रदेशसभा सदस्य एवं मधेश प्रदेश सरकारका शिक्षा मन्त्री समेत रहेका महेश प्रसाद यादवले आ-आफ्ना निर्वाचन क्षेत्रमा खटिएका हुन ।


संघीय सांसद डा. राउतले एक दिनअघि आफ्नो निर्वाचन क्षेत्रबाट उक्त कार्यक्रम शुरु गरेको भोलीपल्टै आइतबारदेखि प्रदेश सभा सदस्य सिंह र यादवले पनि आ-आफ्नो क्षेत्रमा उक्त कार्यक्रम शुरु गरेका हुन् । जनताको घर-घर, दलान-दलील सम्म पुगी योजना माग्ने भएकाले यो कार्यक्रमलाई दलान दलील नाम दिएको उनले बताए ।

दलाल दलील कार्यक्रमका क्रममा राजविराजमा आयोजित कार्यक्रमबाट बोल्दै मधेश प्रदेशका शिक्षा मन्त्री समेत रहेका यादवले योजनाको प्रकृती हेरेर प्रदेशसभा र प्रतिनिधि सभामा लैजाने योजनाहरु छनौटका लागि उक्त कार्यक्रम थालिएको बताए । कार्यक्रम मार्फत जनतासँगै छलफल गरी योजनाहरु माग्ने तथा प्राथमिक्ताका आधारमा कार्यान्वयनमा लैजाने उनको भनाइ छ ।

विगतमा विकास निर्माणका लागि योजनाहरु व्यक्तिगत लाभ तथा आसेपासे, आफन्त र नजिकका ठेकेदारलाई दिने प्रवृतिका कारण ठोस निर्माण कार्य हुन नसकेको तथा भएका थोर बहुत कामबाट पनि सिमित व्यक्ति लाभान्वित भएको पाइएकोले आफुहरुको पालामा धेरै भन्दा धेरै जनताले विकासको लाभ र अनुभूति गर्न पाओस् भने उद्देश्यले यस्तो कार्यक्रम रोजिएको उनको भनाइ छ ।

कार्यक्रम अन्तरगत अधिकांश जनताले सडक, शिक्षा, स्वास्थ, मल-खाद्य, रोजगारी लगायतका समस्या र योजनाहरु अघि सार्ने गरेको सो पार्टीले जनाएको छ ।

# क्यान्सरका कारण थलिए शिवा, राज्यले वास्ता गरेन



**दैनिक समाचारदाता**
**राजविराज, ७ फागुन ।**

कबड्डी र फुटवलका पूर्व राष्ट्रिय खेलाडी शिव कुमार साहु "शिवा" अहिले स्वास्थ्य समस्याका कारण घरमै थलिएका छन् । उनको मृगौला र लिवरमा गम्भिर समस्या देखिएको छ ।

मृगौला र लिवरमा क्यान्सर रोग लागेपछि उनी अहिले घरमै थलिएका हुन । आर्थिक अभावका कारण समयमै थप उपचार गराउन नसकेका उनको तत्काल चिकित्सकले दिएका औषधि प्रयोग गरेर मात्र ज्यान थामिएको छ । ७२ वर्षिय शिवा थप उपचारको पर्खाइमा छन् ।

राजविराज ६ का उनी खेलबाट सन्यास लिएपछि कबड्डी र फुटवलका खेलाडीलाई बेला-बेलामा निःशुल्क प्रशिक्षण दिदै आएका थिए । उनी आफ्नो जमानाका उत्कृष्ट खेलाडी थिए ।

पढ्दादेखि नै फुटवल र कबड्डीमा रुची भएका उनी विगतमा सगरमाथा अञ्चलका लागि ४ पटक राष्ट्रिय फुटवल प्रतियोगिता तथा ६ पटक राष्ट्रिय स्तरको कबड्डी प्रतियोगितामा सहभागी भई आफ्नो उत्कृष्ट प्रदर्शन गरीसकेका छन । उनले भारत र बंगलादेशमा भएको दक्षिण एसियाली कबड्डी प्रतियोगितामा समेत नेपाली टोलीबाट प्रतिनिधित्व गरी उत्कृष्ट प्रदर्शनमा गरिसकेका छन् ।

एक वर्ष अघि पेटमा दुःखाई भएपछि उनी काठमाडौंस्थित शिक्षण अस्पतालमा जाँच गराउन पुगेका थिए । त्यहाँ क्यान्सरको आशंका गर्दै चिकित्सकले अन्यत्र जचाउन सल्लाह दिएका थिए । त्यसपछि उनी भारतको बनारस स्थित महात्मा पण्डित मदन मोहन मालविय क्यान्सर सेन्टर र झापाको विर्तामोड स्थित पूर्वाञ्चल क्यान्सर अस्पताल सम्म पुगे । दुवै ठाउँमा जचाउँदा

*बाँकी अन्तिम पृष्ठमा*

# प्रभातफेरी र विरुवा रोपेर मनाइयो प्रजातन्त्र दिवस




**दैनिक समाचारदाता**
**राजविराज, ७ फागुन ।**

७३ औं राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा आइतबार सप्तरी सदरमुकाम राजविराजमा विभिन्न कार्यक्रम गरि मनाइएको छ ।

जिल्ला प्रशासन कार्यालय सप्तरीको आयोजना र राजविराज नगरपालिकाको सहयोग तथा समन्वयमा प्रभात फेरी कार्यक्रम तथा वृक्षारोपन गरिएको छ ।

स्थानिय गजेन्द्र चौकदेखी निकालिएको प्रभात फेरी पश्चात् जिल्ला प्रशासन कार्यालय परिसरमा डिभिजन वन कार्यालय सप्तरी सहयोग तथा समन्वयमा फलफूल विरुवा वृक्षारोपण गरिएको जनाइएको छ ।

प्रजातन्त्र दिवसको अवसर पारेर जिल्ला प्रशासन कार्यालय सप्तरीको परिसरमा विभिन्न विरुवा रोपिएको छ । जिल्ला प्रशासन कार्यालयको आयोजना तथा डिभिजन वन कार्यालय सप्तरी राजविराजको सहयोगमा आईतवार आँप, लिचि, मेवा, अनार लगायतका विरुवा रोपेर दिवस मनाइएको हो ।

वृक्षारोपण कार्यक्रममा प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापा, डिभिजन वन कार्यालयका प्रमुख हेमन्त प्रसाद साह, राजविराज नगरपालिकाका कार्यावाहक नगरप्रमुख इसरत परविन, वन कार्यालयका सहायक

*बाँकी अन्तिम पृष्ठमा*

# खाना पकाउने क्रममा आगोमा जलेर महिला घाइते

**दैनिक समाचारदाता**
**राजविराज, ७ फागुन ।**

राजविराज नगरपालिका वडा नं. १३ भेल्ही पिपराहिमा आइतबार एक महिला खाना पकाउने क्रममा आगोले जलेर घाइते भएकी छिन् ।

स्थानिय जितेन्द्र यादवकी ३५ वर्षिया श्रीमती द्रोपती देवी यादव आइतबार बिहान माटोको चुलोमा खाना पकाउँदै गर्दा साडीमा आगो सल्केर ढाड भन्दा मुनि पछाडीको

*बाँकी अन्तिम पृष्ठमा*


## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७७१२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# लोकतन्त्र सुदृढीकरणमा राසस

**धर्मेन्द्र झा**

काठमाडौं, ७ फागुन (रासस)।

जनताको क्रान्तिबाट एक सय चार वर्षे निरङ्कुश राणा शासन अन्त्य भई प्रजातन्त्रको घाम उदाएको आजको ऐतिहासिक दिन। यस दिनले देशमा प्रजातान्त्रिक शासन प्रणालीको अभ्यास सुरु गर्नुका साथै जनताको अधिकार सुनिश्चित गर्ने अभियान पनि प्रारम्भ गरेको स्मरणीय छ। त्यति मात्र नभई नेपाली पत्रकारिताको विकासमा सरकारी तबरबाट समाचार समिति स्थापना भएको दिन पनि भएकाले यस दिनलाई नेपाली सञ्चार क्षेत्रले महत्वपूर्ण अवसरको रुपमा लिएको छ। प्रजातान्त्रिक शासन प्रणलीको प्रभावकारिताका लागि सञ्चारको अधिकतम प्रयोग र सूचनाको खुलापन निकै महत्वपूर्ण मानिन्छ। विसं २०१८ मा स्थापना भई नेपालका सञ्चारमाध्यमहरुलाई समाचार सेवा प्रदान गर्दै आएको राससले आफ्नो स्थापनाको ६२ औं वर्ष पूरा गर्दैगर्दा पछिल्ला दिनमा यस तथ्यलाई आत्मसाथ गरेको छ।

छ दशकभन्दा बढी समयदेखि अविचलित रही राज्य र जनताको पुलका रूपमा राष्ट्रिय समाचार समिति(रासस)ले निरन्तर निर्वाह गर्दै आएको भूमिकाप्रति सञ्चार क्षेत्र विदित नै छ। यसबीचमा मुलुकमा भएको थुप्रै राजनीतिक परिवर्तनका बीच तथा २०७२ को भूकम्प र करिब तीन वर्षदेखि भोगिरहेको महामारीका कठिन बखतमा पनि केही समस्या झेल्दै एवं त्रिपाल टाँगेर र सङ्क्रमणग्रस्त शरीर बोकेर जनताको सुसूचित हुने अधिकारलाई राससले एक दिन पनि नरोकिई निष्पक्षता र सन्तुलनका साथ समाचार सम्प्रेषण गरिरह्यो।

नेपाली पत्रकारिताको उन्नयन तथा सत्यतथ्यपूर्ण, विश्वसनीय, आधिकारिक र औपचारिक सूचना शीघ्र प्रवाह गरेर जनतालाई सुसूचित गर्नेमा राज्यको स्वामित्वमा रहेको राससले विशिष्ट भूमिका खेल्दै आएको छ। राससबाट उत्पादित समाचार सामग्री नै आज देशैभरका सञ्चार माध्यमले प्रकाशन तथा प्रशारण भइरहेको छ। यो राससले कमाएको विश्वसनीयताबाट सम्भव भएको हो। त्यसैले आधिकारिक, विश्वसनीय र सत्यतथ्य समाचार सम्प्रेषण गर्नुपर्ने आफ्नो कर्तव्यप्रति सचेत रही आगामी दिनमा पनि राज्यका नीति, योजना एवं कार्यक्रम तथा सोच र अवधारणा सर्वसाधारणसामु प्रवाह गर्न र तल्लो तहका जनताले भोग्नुपरेका दैनन्दिनका समस्या राज्यसामु पुऱ्याउन रासस अझ बढी प्रयत्नशील रहेको छ।

प्रारम्भमा नेपाली समाचारबाट सुरु भएको रासस सेवा देशी विदेशी सञ्चारमाध्यम र तिनका पाठक-श्रोताको चाहना एवं रुचि तथा सञ्चार क्षेत्रको बहुआयामअनुसार हाल आलेख समाचार, अङ्ग्रेजी र अन्तरराष्ट्रिय समाचार, तस्विर, श्रव्य र श्रव्यदृश्य सेवासम्म विस्तारित भएको छ। राससको यस अभियानमा सरकारले पनि यथाशक्य सघाइदिएर आफ्ना सेवालाई विविधीकरण गर्ने वातावरण दिइरहेको छ। राससले पछिल्लोपटक गत साउनदेखि श्रव्यदृश्य सेवा पनि सुरु गरेको छ।

मुलुकमा राज्यको आधिकारिक समाचार समिति रहनुपर्छ भन्नेमा प्रायः सबै सञ्चारकर्मी, सञ्चारमाध्यम र पत्रकारहरूमा मतैक्यता नै छ। रासस सुदृढ भएमा राज्य पनि बलियो हुने हाम्रो मान्यता रहिआएको छ। राससलाई सूचना र समाचारको पहुँचमा नपरेका जनताका समस्या अझ खोतल्दै राज्यलाई मार्गनिर्देशन हुने गरी विश्लेषणात्मक सामग्री पस्कनका लागि सेवाग्राही र पाठकहरूबाट प्राप्त सल्लाह-सुझाव राससका अमूल्य सम्पत्ति हुन्। तिनलाई आत्मसात् गर्दै त्यस्ता विषयवस्तु क्रमश: पस्केर नयाँ स्वाद दिलाउन हामी तयार भइसकेका छौँ। यसै सन्दर्भमा राससले आलेख समाचार सेवालाई अझै व्यवस्थित र विस्तार गर्दै अन्तर्वार्ता र विज्ञहरूका विचार समेटी 'आलेख, विचार र अन्तर्वार्ता सेवा' का रूपमा प्रस्तुत गरेको छ।

विश्वकै पत्रकारितामा उदाइरहेको अनलाइन न्युज पोर्टल तथा सूचना प्रदायक सामाजिक सञ्जालसँग प्रतिस्पर्धा गर्नुपर्ने अवस्थामा पुगेको रासस घटनाप्रधान सूचना तथा समाचार सम्प्रेषणलाई तीव्रता तथा मानवीय अभिरुचिपूर्ण-खोजी र अनुसन्धानमूलक समाचार-आलेख प्रस्तुतिलाई नियमितता दिन सचेत छ। सञ्चार क्षेत्रमा भित्रिसकेका नयाँ सञ्चार तथा सूचना प्रविधिको प्रयोग गर्दै यसलाई बहुआयामिक सेवा प्रदायक बनाउन रासस प्रयत्नशील छ। पाठक-श्रोताप्रति सोझै जोडिनका लागि सामाजिक सञ्जालको उपयोग गर्न र अनलाइन न्युज पोर्टल स्थापना गर्नुपर्ने ठम्याइ भइसकेको छ।

त्यस्तै अनुसन्धान एवं समाचारको पृष्ठभूमिका लागि सहायक हुने रासस स्थापना समयदेखिका समाचारको अभिलेखालयलाई इ-लाइब्रेरीमार्फत सार्वजनिकीकरण र पुस्तकालय व्यवस्थापनसम्बन्धी तथा साठी वर्षभन्दा बढी समयदेखिका भौतिकलगायत ऐतिहासिक सामग्रीसहितको रासस अभिलेखालय तथा सङ्ग्रहालय स्थापना र भवनको आमुख खण्डमा डेली न्युज डिस्प्ले व्यवस्था गर्न लागिएको छ। यसैगरी राससको आन्तरिक सेवालाई सहज बनाउन र सेवाग्राहीलाई अझ सहज र सुलभ बनाउन एकीकृत सफ्टवेयर जडानको काम अन्तिम चरणमा पुगेको छ।

राससलाई आत्मनिर्भर बनाउने तथा प्रदेशबाट समाचार सम्प्रेषण, श्रव्यदृष्य सेवालाई व्यवसायीकरण, समाचार प्रत्यक्ष प्रसारण, स्थानीय भाषामा समाचार, अन्तरराष्ट्रिय समाचार सेवा विस्तार, छिमेकी मित्र राष्ट्र चीन र भारतमा समाचारदाताको व्यवस्था, २४ घन्टा सेवा सञ्चालन, स्थानीय तहसम्म समाचारदाता विस्तार र कार्यालयहरूलाई प्रविधिमैत्री बनाउनेलगायत कार्यक्रमबारे वर्तमान व्यवस्थापन चिन्ताशील छ। स्वदेशी र विदेशी सञ्चारमाध्यमहरुलाई समेत समाचार सेवा प्रदान गर्दै आएको छ दशकभन्दा पुरानो समाचार संस्था राससले आगामी दिनमा राज्यको एक आधिकारिक सूचना बैंकको रुपमा रहेर काम गर्ने प्रयास जारी छ।

आफ्नो समाचार सामग्रीको सबै क्षेत्रबाट पूर्ण उपयोग गराउन जनान्दोलनका घाइते, सहिद परिवार, महिला, पिछडिएको भौगोलिक क्षेत्र आदिका लागि सेवाशुल्कमा केही छुटको व्यवस्था केही वर्षदेखि नै रहिआएको छ भने यसै आर्थिक वर्षदेखि सेवाग्राहीको दायरा विस्तार गरेर व्यक्तिगतदेखि विभिन्न तहका सरकार र राजकीय संस्थालाई ग्राहक बनाउन परिमार्जित 'रासस सेवाग्राही शुल्क निर्देशिका' पारित गरिएको छ। व्यक्ति तथा सरकारी- गैरसरकारी सङ्घसंस्था राससको सेवाबाट लाभान्वित हुन सक्नेछन्।

विसं २०७२ मा नेपालको संविधान जारी भएपछि दुई आमनिर्वाचनमार्फत सङ्घीयताको अभ्यास बढिरहे पनि रासस अझ पूर्णरूपमा विकेन्द्रित हुन नसकिरहेकामा हामीलाई चिन्ता लागेको छ। मुलुकको एक मात्र आधिकारिक समाचार समिति सातै प्रदेश, ७७ वटै जिल्ला र ७५३ वटै स्थानीय तहका वडा वडासम्म पुग्नु जरुरी छ। त्यसका लागि थप जनशक्ति, सञ्चार उपकरण र तालिम, प्रशिक्षण, अभिमुखीकरण जस्ता क्षमता अभिवृद्धिका कार्यक्रम आवश्यक पर्छ। राससले समयानुकुल आफ्ना समाचार सेवाहरुमा विकास गर्दै प्रविधि र आफ्नो क्षमताको विकास र विस्तारमा पनि ध्यान दिन जरुरी छ।

राससलाई आत्मनिर्भर गराउन, अत्याधुनिक सञ्चार प्रविधिको प्रयोग गराउन, आफ्ना कर्मचारी एवं पत्रकारहरूको बहुपक्षीय (मल्टीमिडिया) क्षमता वृद्धि गराउन सरकारका तर्फबाट आवश्यक सहयोग र प्रोत्साहनको आवश्यकता महसुस भएको छ। विश्वको प्रतिष्ठित समाचार समिति बनाउने सोचलाई मूर्त रूप दिनका लागि हाल सार्क वा बिम्स्टेक तहसम्म पुग्ने प्रयासमा राज्य संयन्त्रबाट सहयोगको अपेक्षा गरिएको छ। विश्वका समाचार समितिहरुसँगको सम्बन्धलाई सुदृढ बनाउन हालै इरानको तेहरानमा सम्पन्न एसिया प्यासिफिक देशका समाचार समितिहरुको सम्मेलनमा सहभागी भई विभिन्न समाचार समितिका अधिकारीसँगको छलफल र समन्वयले संस्थालाई उत्सहित बनाएको छ।

विश्वमा सूचना र प्रविधिको द्रुत गतिमा विकास भइरहेको छ। यस विश्व परिवेशमा हामीले पनि हाम्रा सञ्चारमाध्यमहरुलाई समय र युग सुहाउँदो रुपमा थप अध्यावधिक र परिमार्जित गर्दै लैजानुपर्छ। जतिसक्दो सहज र आधुनिक माध्यमबाट नागरिकलाई सूचना प्रदान गर्नुपर्छ। आजको विश्वमा प्रभावकारीको प्रेसको कुरा गर्दा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सम्पादकीय स्वतन्त्रता र सूचनाको हकको कुरा पनि सँगै गर्ने गरिन्छ। वास्तवमा पछिल्ला दिनमा यिनलाई प्रजातन्त्र-लोकतन्त्रको पूर्वशर्तका रुपमा स्वीकार गर्ने गरिन्छ। यही मान्यतालाई आत्मसात् गर्दै नागरिकको सूचनाको हकलाई सुनिश्चित गर्न राससले पनि आफ्नो सेवालाई थप चुस्त दुरुस्त बनाउन आफ्ना सबै संयन्त्र र क्षमता परिचालन गर्न क्रियाशील रहेको छ। राज्य र जनताको समाचार संवाहकका रुपमा गुरुत्तर भूमिका निर्वाह गर्नुपर्ने दायित्वमा रहँदा निश्चय नै यी विषयप्रति रासस गम्भीर छ र रहनेछ।

रासस जनताको करबाट सञ्चालित संस्था हो। यस आधारमा निश्चय पनि यो संस्था जनताप्रति उत्तरदायी हुनुपर्छ। आजको दिन मुलुकमा प्रजातन्त्र स्थापना भएको दिन मात्र होइन, सम्पूर्ण नेपाली सञ्चार जगतको सहयोगी राससको स्थापना पनि भएको दिन समेत भएकाले राससलाई अझ आफ्नो नाम र उद्देश्यानुकूल जनताका मन मनका र घरआँगनका समस्या उजागर गर्न तथा राज्यप्रतिको दायित्वलाई अविचलित कायम राख्दै लोकतान्त्रिक शासन प्रणालीलाई बलियो बनाउन हामी सबैको सामूहिक प्रयासको खाँचो रहेको छ। *(लेखक राससका कार्यकारी अध्यक्ष हुनुहुन्छ)*

## ढल्केबर-मुजफ्फरपुरबाट थप दुई सय मेगावाट बिजुली लैजान भारत सहमत

काठमाडौं, ७ फागुन (रासस)।

नेपाल र भारतका ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समिति (जोइन्ट स्टेयरिङ कमिटी)को बैठक सकिएको छ। भारतको राजस्थानस्थित माउन्ट आबुमा शनिवार साँझ सम्पन्न संयुक्त निर्देशक समितिको १०औँ बैठकले अन्तरदेशीय विद्युत् व्यापार, विद्यमान प्रसारण लाइन तथा निर्माणाधीन र प्रस्तावित प्रसारण लाइनबारे केही महत्वपूर्ण सहमति जनाएको छ।

हाल सञ्चालनमा रहेको पहिलो अन्तरदेशीय ढल्केबर-मुजफ्फरपुर चार सय केभी प्रसारण लाइनबाट आयात-निर्यात भइरहेको विद्युत् क्षमतालाई छ सयबाट बढाएर आठ सय पुऱ्याउने सहमति भएको बैठकमा सहभागी ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव मधुप्रसाद भेट्वालले जानकारी दिनुभयो।

त्यस्तै टनकपुर-महेन्द्रनगर एक सय ३२ केभी विद्युत् प्रसारणबाट ७० देखि ८० मेगावाटसम्म विद्युत् आयात-निर्यात गर्ने सहमति दुई पक्षबीच भएको छ। संयुक्त प्राविधिक

बाँकी अन्तिम पृष्ठमा

## प्रजातन्त्रसँगै खुलेको ...

आलेखको आशय यो हो कि आधुनिक पत्रकारिताको तथा प्रेस स्वतन्त्रताको जग २००७ देखि २०१७ को प्रजातन्त्रको दशकमा बसेको हो। प्रेस स्वतन्त्रताले सदैव देशको राजनीतिक शासन प्रणालीलाई पछ्याएको हुन्छ। यसका ज्वलन्त उदाहरण यसै आलेखका सुरुमा विभिन्न राजनीतिक व्यवस्थामा पत्रकारितामा भएका उतारचढाव नै काफी छन्। जहाँ प्रजातन्त्र छ त्यहाँ मात्र प्रेस स्वतन्त्रता सम्भव छ। लोकतान्त्रिक शासन प्रणालीको अनुपस्थितिमा स्वतन्त्र प्रेस कल्पनामात्रको विषय होला तर यथार्थ बन्न सक्दैन। त्यसैले २००७ सालको प्रजातन्त्रपछि मात्र मुलुकमा स्वतन्त्र प्रेसको शिलान्यास भएको हो। मुलुकमा अहिले अभ्यास गर्न सकिएको आधुनिक पत्रकारिताको जग नै २००७ देखि २०१७ को प्रजातन्त्रको दशकमा बसेको हो।

# विश्व समाचार

## टर्कीए भूकम्प : छयालीस हजारभन्दा बढीको मृत्यु

इस्तानबुल, ७ फागुन (रासस/एएफपी)।

टर्कीएको पूर्वीभाग र छिमेकी सिरियामा गत माघ २३ गते भएको भूकम्पमा परी ४६ हजारभन्दा बढीको मृत्यु भएको छभने हजारौँ घाइते भएका छन्। टर्कीएको कहरामनमारसलाई केन्द्रविन्दु बनाएर सात दशमलव आठ म्याग्निच्युडको भूकम्पबाट दश वटा प्रान्तमा अकल्पनीय क्षति भएको छ।

विपद् तथा आपत्कालीन व्यवस्थापन प्राधिकरण आइतबार साँझदेखि खोजी तथा उद्धार स्थगन गरिने जनाउँदै चार लाख ३० हजार मानिसलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको बताएको छ। साथै खोज तथा उद्धारमा १३ हजार स्वयम्सेवक एवम् अन्य सहायताकर्मी परिचालन गरिएको जनाइएको छ।

हालसम्म टर्कीएमा ४० हजार छ सय ४२ जना तथा सिरियामा पाँच हजार आठ सयले ज्यान गुमाएका दुवै देशका सरकारी अधिकारीले बताएका छन्। उनीहरूले मृतकको सङ्ख्या बढ्नसक्ने जनाएका छन्। टर्कीएमा तीन लाख ४५ हजार भवन भत्केका छन् भने भग्नावशेषमा धेरै हराइरहेका छन्।

विश्व खाद्य कार्यक्रमले सिरियामा मानवीय सहायता सामग्री परिचालनमा कठिनाइ भएको जनाउँदै अवरोध नगर्न सम्बद्ध पक्षसँग आग्रह गरेको छ। उत्तरपश्चिम सिरियामा मानवीय सहायता उपलब्ध गराउन कठिन भएको उक्त संस्थाले बताएको छ। सिरियाली अधिकारीहरूले भूकम्प प्रभावित क्षेत्रमा आफ्नो पहुँचमा अवरोध खडा गरेको आरोप उक्त संस्थाले लगाएको छ।

## रुसले मानवताविरुद्ध अपराध गरेको अमेरिकी आरोप

म्युनिख, ७ फागुन (रासस/एपी)।

रुसले युक्रेनमा मानवता विरुद्धको अपराध गरेको आरोप अमेरिकाले लगाएको छ। अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसले म्युनिख सुरक्षा सम्मेलनलाई शनिबार सम्बोधन गर्दै युक्रेनमा मानवताविरुद्ध अपराध गर्नेलाई दण्ड दिनुपर्नेमा जोड दिनुभयो।

उपराष्ट्रपति ह्यारिसले अन्तर्राष्ट्रिय कानुन कमजोर भएमा अन्य अधिनायकवादी सरकारहरूले फाइदा उठाउने जोखिम बढ्छ भन्दै अन्तर्राष्ट्रिय समुदायले त्यस्ता अपराधविरुद्ध कारबाही हुनुपर्ने आवश्यकता औँल्याएका बताउनुभयो। रुसी सेनाले गैरसैनिक क्षेत्रमा गरेको आक्रमण आलोचना गर्दै उहाँले हत्या, यातना, बलात्कार र निर्वासन जस्ता घृणित कार्य भएकामा रुसको निन्दा गर्नुभयो।

वाइडेन प्रशासनले गत मार्चमा औपचारिक रूपमा रुसी सेनाले युक्रेनमा युद्ध अपराध गरेको र अपराधीहरूलाई आफ्ना सहयोगीसँग मिलेर कारबाही गर्ने बताएको थियो। रुसले युक्रेनमा मानवताविरुद्धको अपराध व्यवस्थित रूपमा गरिरहेका दृष्टान्त प्रस्तुत गर्दै उपराष्ट्रपति ह्यारिसले रुसी अधिकारीहरूले युक्रेनबाट बालबालिकासहित हजारौँ मानिसलाई जबरजस्ती निर्वासित गरेका बताउनुभयो। उहाँले बालबालिकाहरूलाई निर्ममतापूर्वक परिवारबाट अलग गराइको उल्लेख गर्नुभयो।

## इजरायद्वारा सिरियामा क्षेप्यास्त्र प्रहार, पन्ध्र जनाको मृत्यु

बेरुत, ७ फागुन (रासस/एएफपी)।

इजरायलले आइतबार बिहान यहाँ गरेको क्षेप्यास्त्र आक्रमणमा १५ जनाको मृत्यु भएको छ भने एउटा घर पूर्णरूपमा ध्वस्त भएको छ। इरानी सांस्कृतिक केन्द्र नजिक भएको उक्त आक्रमणमा सर्वसाधारणसहित १५ जनाले ज्यान गुमाएका सिरियन अब्जर्भेटरी फर ह्युमन राइट्सले जनाएको छ।

सन् २०११ मा सिरियामा युद्ध शुरु भएदेखि इजरायलले सिरियामा हवाई हमला गर्दै आएको छ। उसले सिरियाली सेना, इरानी सेना र सिरियाली शासकका सहयोगी लेबनानको हिजबुल्लाह रहेका स्थानलाई लक्षित गरेर आक्रमण गर्दै आएको छ। यद्यपि राजधानीका आवासीय क्षेत्रमा हमला भएको थिएन।

इजरायलले कब्जा गरेको गोलान हाइट्सबाट दमास्कस र यसको आसपासका आवासीय क्षेत्रलाई ताकेर हवाई आक्रमण गरेको सिरियाको रक्षा मन्त्रालयले जनाएको छ। प्रारम्भिक विवरणअनुसार एक जना सिपाहीसहित पाँच जनाको मृत्यु भउको तथा १५ जना सर्वसाधारण घाइते भएका छन्। घाइतेमध्ये केहीको अवस्था गम्भीर छ।

काफर सुसा त्यो क्षेत्र हो जहाँ सिरियाली उच्च अधिकारी, सुरक्षा तथा गुप्तचर निकायका मुख्य कार्यालय छन्। इजरायली सेनाले सिरियामाथि हुने आक्रमणबारे कहिल्यै कुनै जानकारी दिँदैन। आफ्नो सीमा क्षेत्रमा इरानी प्रभाव बढ्न नदिन नियमितरूपमा उसले निगरानी तथा आवश्यकतानुसार क्षेप्यास्त्र प्रहार गर्दै आएको छ। आइतबारको आक्रमणलाई सुरक्षा अधिकारीहरूले भीषण भनेका छन्।

# पोखरेल इन्सेकबाट २०७९ सालको उत्कृष्ठ प्रतिनिधि घोषित

**दैनिक समाचारदाता**
**राजविराज, ७ फागुन ।**



सप्तरी जिल्लामा रहेर मानवअधिकारको अभिलेख, प्रसार र पीडितको न्यायकालागि काम गर्दै आएका मनोहर पोखरेल इन्सेकबाट २०७९ सालको उत्कृष्ठ प्रतिनिधि घोषित भएका छन् ।

यसअघि २०७४ सालमा पूर्वाञ्चल र २०७५ सालमा मधेस प्रदेशबाट उत्कृष्ठ प्रतिनिधिबाट उत्कृष्ठ प्रतिनिधिका रुपमा पुरस्कृत भएका पोखरेलले यस बर्ष पनिउत्कृष्ठ प्रतिनिधि घोषित भएको इन्सेकले जनाएको छ ।

नेपाल मानवअधिकार बर्ष पुस्तक २०२३ को ३१औं अंकको आइतबार काठमाडौंमा बिमोचन भएसँगै पुरस्कृत हुनेहरुको नाम सार्बजनिक भएको हो । आइतबार नै सबै प्रदेशको राजधानीमा समेत एउटै समयमा पुस्तक सार्बजनिकरण भएको छ ।

पोखरेल काम सुरुवात गरेकै बर्ष २०७० सालमा देशभरीकै सर्वोत्कृष्ठ प्रतिनिधिको पुरस्कारबाट पुरस्कृत भएका थिए । २०७४ सालदेखि सर्वोत्कृष्ठ पुरस्स्कारको प्रावधान हटाएर इन्सेकले प्रदेश स्तरको उत्कृष्ठ पुरस्कारलाई मात्र निरन्तरता दिदै आएको छ ।

पोखरेलले २०७६ असार, ०७७ असोज, ०७९ बैशाख र ०७९ पुस महिनाको उत्कृष्ठ प्रतिनिधिबाट समेत पुरस्कार प्राप्त गरिसकेका छन् ।

# एमालेबाटै राष्ट्रपति बन्छ : अध्यक्ष ओली

विराटनगर, ७ फागुन (रासस) ।

नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले एमालेका उम्मेदवार राष्ट्रपति बन्ने बताउनुभएको छ ।

विराटनगर विमानस्थलमा आइतबार सञ्चारकर्मीसँग संक्षिप्त कुराकानी गर्दै अध्यक्ष ओलीले एमालेले उठाएको उम्मेदवार जिताउन राष्ट्रिय सहमति बन्ने विश्वास व्यक्त गर्नुभयो । एमालेले राष्ट्रपतिका लागि मनोनयन दर्ता गर्ने दिनमा नै नाम सार्वजनिक गर्ने उल्लेख गर्दै उहाँले भन्नुभयो, "अहिलेको गठबन्धन सोचेर र सम्झेर बनाएकाले रहिरहन्छ ।"

अध्यक्ष ओलीले गणतन्त्र आएको धेरै समय नभएकाले अहिले नै आत्तिनुपर्ने स्थिति नरहेको स्पष्ट पार्दै भन्नुभयो, "हाम्रो देश समृद्ध र सुखी बन्छ ।"

पूर्वराजा ज्ञानेन्द्र शाहले राजनीतिक दलहरुसँग सहकार्य गर्न तयार रहेको भन्ने अभिव्यक्तिप्रति अध्यक्ष ओलीले भन्नुभयो, "पूर्वराजा शाह अलमलमा पर्नुभएको छ ।"

एमालेको उम्मेदवारलाई राष्ट्रपतिमा जिताउन नेकपा (माओवादी केन्द्र) को पनि साथ र समर्थन रहने उहाँले बताउनुभयो ।

# नागरिक उन्मुक्तिका सांसद चौधरी रिहा

अत्तरिया, ७ फागुन (रासस) ।

कैलाली कारागारमा थुनामा रहेका नागरिक उन्मुक्ति पार्टीका तर्फबाट निर्वाचित प्रतिनिधिसभा सदस्य अरूण चौधरी आइतबार रिहा हुनुभएको छ ।

उहाँ प्रजातन्त्र दिवसका अवसरमा कैद माफीसहित रिहा हुनुभएको हो । राष्ट्रपति विद्यादेवी भण्डारीले प्रजातन्त्र दिवसका उपलक्ष्यमा तीन सय ९५ कैदीको सजाय माफी दिनुभएको थियो । चौधरी कैलाली प्रतिनिधिसभा क्षेत्र नं २ बाट निर्वाचित हुनुभएको हो ।

विसं २०६६ भदौ ३ मा ट्र्याक्टर जलाएको भन्दै २०७० वैशाख ९ गते कैलाली जिल्ला अदालतले चौधरीसहित तीन जनाविरुद्ध जनही छ महिना कैद र रु आठ लाख १८ हजार चार सय २३ पीडितलाई उपलब्ध गराउने फैसला गरेको थियो । छ महिना कैद भुक्तान नगरेको भन्दै चौधरीलाई गत माघ १९ गते बाँकेबाट प्रहरीले पक्राउ गरेको थियो ।

# उपनिर्वाचनका लागि दल दर्ता आह्वान

चितवन, ७ फागुन (रासस) ।

आगामी वैशाख १० गते चितवन क्षेत्र नं २ मा हुने उपनिर्वाचनका लागि निर्वाचन आयोगले दल दर्ता गर्न आह्वान गरेको छ । आयोगले सूचना जारी गर्दै फागुन १० देखि फागुन १६ गतेसम्म दल दर्ताका लागि आह्वान गरेको हो ।

सूचनामा २०७९ फागुन ५ गतेसम्म दर्ता कायम रहेका राजनीतिक दललाई दर्ता गर्न भनिएको छ । नेपालको संविधानको धारा २७१ र राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ४ बमोजिम २०७९ फागुन १ देखि फागुन १६ गतेसम्म कार्यालय समयभित्र राजनीतिक दलसम्बन्धी नियमावली, २०७४ को अनुसूची १२ बमोजिमको ढाँचामा निर्वाचन आयोगको कार्यालयमा दल दर्ता निवेदन दिन सूचित गरिएको सूचनामा उल्लेख छ ।

प्रतिनिधिसभाका तत्कालीन सांसद रवि लामिछानेको सांसद पद सर्वोच्च अदालतले खारेज गरिदिएपछि रिक्त रहेको चितवन क्षेत्र नं २ मा आगामी वैशाख १० गते उपनिर्वाचन गर्ने तय भएको छ । उपनिर्वाचनका लागि आयोगले निर्वाचन कार्यातालिकासमेत सार्वजनिक गरिसकेको छ । आगामी चैत २० गतेलाई मनोनयनको कार्यतालिका सार्वजनिक भएको छ ।

निर्वाचन आयोगले सार्वजनिक गरेको कार्यतालिका अनुसार चैत २१ गते उम्मेदवारको विरोधमा उजुरी, चैत २२ गते मनोनयन पत्र र उजुरीउपर जाँचबुझ गरी निर्णय दिने तथा उम्मेदवारको नामावली प्रकाशन गर्ने रहेको छ ।

यस्तै चैत २३ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने कार्यक्रम रहेको निर्वाचन आयोगले जनाएको छ ।

### *ढल्केबर-मुजफ्फरपुरबाट ...*

टोलीबाट दुई सय मेगावाटसम्मको विद्युत् निर्यात गर्नका लागि सम्भाव्य विकल्पको अध्ययन गराउने सहमति भएको पनि उहाँले जानकारी दिनुभयो ।

यो बैठकपछि नेपालका अन्य आयोजनाबाट पनि बिजुली लैजान भारत सकारात्मक देखिएको जनाइएको छ । "नेपालका विभिन्न जलविद्युत् आयोजनाहरूबाट उत्पादन हुने विद्युत् भारतीय बजारमा निर्यात गर्न अन्तरसरकारी सम्झौता गर्न नेपालले गरेको प्रस्तावमा भारत सकारात्मक देखिएको छ । नेपालबाट ५० मेगावाट बिजुली बङ्गलादेश निर्यात गर्ने सम्बन्धमा निश्चित आयोजनासहित प्रस्ताव पेस भएमा भारतको विद्युत् आयात-निर्यात निर्देशिकाबमोजिम स्वीकृति दिन भारतीय पक्ष सकारात्मक रहेको छ",सहसचिव भेटुवालले भन्नुभयो ।

एक सय ३२ केभी तथा सोभन्दा कम क्षमताको विद्यमान प्रसारण लाइनबाट वर्षायाममा नेपालबाट भारतको बिहार राज्यमा विद्युत् निर्यात गर्न आवश्यक संयन्त्र बनाउने पनि सहमति भएको छ ।

दोस्रो अन्तरदेशीय प्रसारण लाइनका रूपमा रहेको चार सय केभी नयाँ बुटवल-गोरखपुर प्रसारण लाइनअन्तर्गत भारतीय खण्डको निर्माणकार्य २०२५ मार्च सम्ममा सम्पन्न गर्नेसम्बन्धी सम्झौता चाँडै गर्नेबारे पनि दुवै पक्ष सहमत भएका छन् ।

सहसचिव भेटुवालका अनुसार नेपाल-भारतबीच थप दुईवटा चार सय केभी क्षमताका अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्ने पनि सहमति भएको छ । इनरुवा-पूर्णिया चार सय केभी प्रसारण लाइन सन् २०२७/२८ र न्यू लम्की-बरेली प्रसारण लाइन सन् २०२८/२९ सम्ममा निर्माण सम्पन्न गर्ने गरी काम सुरु गर्ने सहमति भएको हो ।

यो बैठकअघि अस्ति शुक्रबार दुई देशका सहसचिवस्तरीय संयुक्त कार्यदल (जोइन्ट वर्किङ ग्रुप)को बैठकसमेत बसेको थियो ।

### *प्रभातफेरी र विरुवा ...*

अधिकृत लक्ष्मण साफीका साथै ३ वटै सुरक्षा निकायका प्रमुख तथा विभिन्न कार्यालयका कर्मचारी, पत्रकार लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा बोल्दै डिभिजन वन कार्यालयका प्रमुख साहले विरुवाको महत्व संसार मै बढेको बताए । उनले अनियन्त्रित वन फँडानी बढ्दै गएको र यसले जलवायु परिवर्तनमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले सबै मिली यसको संरक्षण गर्नु पर्नेमा जोड दिए ।

### *खाना पकाउने ...*

भाग जलेर घाइते भएको प्रहरीले जनाएको छ ।

उनलाई तत्काल उपचारका लागि गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजमा उपचारका लागि भर्ना गरिएको तथा घट्ना सम्बन्धमा अनुसन्धान कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै सप्तरीको हनुमननगर कंकालिनि नगरपालिका १२ हनुमानगर बाँध स्थित स्थानिय जाहिर खानको परालको टालमा आगलागी हुदा दश हजार मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

उक्त आगो नेपाल प्रहरी, दमकल र स्थानियको सहयोगमा पुर्ण रुपमा नियन्त्रणमा आएको प्रहरीले जनाएको छ ।

### *क्यान्सरका कारण ...*

मृगौला र लिवरमा क्यान्सर भएको निष्कर्ष आयो ।

दुवै ठाउँमा एक/एक महिनाको उपचार पछी आइतवार घर फर्किएका शिवा अब थप उपचार गराउने अवस्थामा छैनन । अहिलेसम्म उपचार गराउन करिब ९ लाख रुपैयाँ खर्च भइसकेको छ । तर स्थितिमा सुधार हुनुको साटो स्वास्थ्य समस्या झन थपिदै गएको र आर्थिक भार उठाउन सम्भव न भएपछि घर ल्याएको छोरा शेखरले सुनाए । अहिले औषधीमा मात्रै मासिक ३० हजार रुपैयाँ खर्च हुन्छ ।

चिकित्सकहरुले पनि अब घरमै राख्नु भनी सल्लाह दिएका छन् । उनको आर्थिक अवस्था कमजोर छ । जेठो छोरा शेखर र कान्छो छोरा शम्भु ऋण सापटी लिएर भएपनि अहिलेसम्म जसोतसो बुवा उपचार गराएका छन् ।

बिरामी परेका अवस्थामा वर्तमान र पूर्व खेलाडीलाई राज्य पक्षबाट हुने वेवास्ता देखेर भने आफु थप दुःखी भएको शिवा बताउँछन् । उनी भन्छन्- राष्ट्रिय तथा अन्तराष्ट्रिय पदक जितेको मलाई त सरकारबाट कुनै सोधपुछ छैन भने मेडल जित्न न सकेका खेलाडी घाइते र बिरामी भए भने त्यसको हाल के होला ?

डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

प्रजातन्त्रका आधारभूत पक्षहरु
➢ संवैधानिक सर्वोच्चता
➢ बहुलवाद
➢ प्रतिस्पर्धा
➢ विधिको शासन
➢ शक्तिपृथकीकरण
➢ मौलिक हक
➢ मानवअधिकार
➢ पूर्ण प्रेस तथा वाक स्वतन्त्रता
➢ सामाजिक न्याय तथा समावेशीकरण
➢ आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास ।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*